नेपाल सरकार

फोन नं: ०१४२००२९२

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

बिकेन्द्रीकरण शाखा
सिंहदरबार, काठमाडौं

पत्र संख्या:०७४/०७५
चलानी नं. ५२

मिति:२०७४।०८।१०

विषय: राय सुझाव संकलन सम्बन्धमा ।

श्री स्थानीय तह (७५३ सबै) ।

प्रस्तुत विषयमा शिक्षा मन्त्रालयको च.न.. २५७ मिति २०७४।०८।०५ को पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।०५।१९ को निर्णयानुसार प्रारम्भिक बाल शिक्षा देखि विश्वविद्यालय शिक्षासम्मको समग्र नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन तहसम्मको विश्लेषण गरी मुलुकको वर्तमान संघ, प्रदेश र स्थानीय तह अनुकूल शिक्षा नीति, कार्यक्रम र संगठनात्मक स्वरुपको सुधार एवं परिमार्जन गर्नका लागि नेपाल सरकारलाई सुझाव पेश गर्न गठित उच्चस्तरीय शिक्षा आयोगले राय सुझावका लागि तयार गरेको प्रश्नावली स्थानीय तहबाट सुझाव लिनका लागि सबै स्थानीय तहमा पठाई सुझाव संकलन गरिदिन शिक्षा मन्त्रालय सचिवस्तरको मिति २०७४।०८।०३ को निर्णयबाट लेखि आएको हुँदा यसै साथ संलग्न उच्चस्तरीय शिक्षा आयोगले तयार गरेको प्रश्नावली अध्ययन गरी त्यहाँको सुझाव यथासिघ्र यस मन्त्रालयमा प्राप्त हुनेगरि पठाउने व्यवस्थाको लागि आदेशानुसार अनुरोध छ ।

**बोधार्थ :**
श्री शिक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सुचना तथा विद्युतीय शासन शाखा,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।
सिंहदरबार, काठमाण्डौ । : यो पत्र मन्त्रालयको Website मा Upload गरिदिनुहुन ।

०८।०८।१०
मेखबहादुर मंग्राती
(शाखा अधिकृत)

## उच्चस्तरीय शिक्षा आयोग

## प्रश्नावली

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४/०५/१९ को निर्णय अनुसार प्रारम्भिक बाल शिक्षा देखि विश्वविद्यालय शिक्षासम्मको समग्र नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन तहसम्मको विश्लेषण गरी मुलुकको वर्तमान मूल संरचना संघ, प्रदेश र स्थानीय तह अनुकूल शिक्षा नीति, कार्यक्रम र सङ्गठनात्मक स्वरूपको सुधार एवम् परिमार्जन गर्नका लागि नेपाल सरकारलाई सुझाव सहितको प्रतिवेदन पेश गर्न उच्चस्तरीय शिक्षा आयोग गठन भएको विदितै छ । सुझाव सहितको प्रतिवेदन तयार गर्ने सन्दर्भमा नेपालको शिक्षालाई कसरी व्यवहारिक, प्रतिस्पर्धी, वैज्ञानिक, रोजगार उन्मुख, गुणस्तरीय, जनमुखी, समालोचकीय क्षमता सहितको अनुसन्धानमूलक, एवं नेपालका विविध कला, संस्कृति, ज्ञान, सीप, प्रविधि, परम्परा तथा जनज्ञान आदिसंग जोडदै तिनको भरपूर प्रयोग गर्न सक्ने विद्यार्थी उत्पादन गर्ने, स्वदेश तथा विदेश जहां रहे पनि तिनको आजीवन शिक्षा पाउने हक सुनिश्चित गर्ने भन्ने कुराहरुलाई ध्यानमा राखी तपसिलका प्रश्नहरू बनाइएका छन् । अपेक्षा छ, सबै प्रश्नका उत्तर आउनेछन् । यी बाहेक शिक्षासँग सम्बन्धित अन्य समस्या वा मुद्दाहरू भए तिनीहरूलाई बुँदागत रूपमा उल्लेख गरी तिनको उत्तर समेत दिनुहुन शिक्षासँग सरोकार राख्ने सबै स्थानीय सरकार, संघसंस्था एवम् व्यक्तिहरूमा आयोग हार्दिक अपिल गर्दछ ।

### स्थानीय सरकारले सुनिश्चित गर्नुपर्ने संवैधानिक शैक्षिक हक अधिकारका सम्बन्धमा

#### पहुँच सम्बन्धी

१. वर्तमान संविधानको धारा ३१(१) मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको हक हुनेछ भनिएको छ । गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?

- क-कस्ले आधारभूत तहको शिक्षा पाए वा पाएनन् भनी पहिल्याउने र सो को लेखाजोखा कसले राख्ने?
- कस्ले र कसरी तिनलाई शिक्षा दिने ?
- कस्ले र कसरी तिनलाई पाठ्यसामग्री उपलब्ध गराउने ?
- तिनको पठनपाठनका लागि चाहिने रकम कसरी जुटाउने ?
- आफ्नो इलाका भित्र सबै बालबालिका, युवा युवती तथा प्रौढहरूलाई निरन्तर रूपमा शिक्षा प्राप्त गर्न आजीवन शिक्षाको व्यवस्था क -कसरी र कसले गर्ने ?
- आफ्नो क्षेत्रभित्र विद्यालयमा भर्ना भैसकेपछि बालबालिकाहरूले नियमित रूपमा विद्यालय गैरहेका छन् वा छैनन्, यस कुराको कसले अनुगमन गर्ने ?
- आफ्नो क्षेत्रभित्र नियमित रूपमा विद्यालय सञ्चालन भैरहेका छन् वा छैनन् भन्ने कुराको कसले अनुगमन गर्ने ?
- कस्ले र कसरी शिक्षाको गुणस्तर जांच्ने ?
- कस्ले र कसरी त्यसको जिम्मेवारी लिने ?

२. वर्तमान संविधानको धारा ३१(२) मा प्रत्येक नागरिकलाई आधारभूत तहसम्म निशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क हुन्छ भनिएको छ । गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी पूरा गर्न सकिएला ?

- विद्यालय नजीक नभएका, अपांग, दलित, मुस्लिम, सडक बालबालिका र विपन्न र ग्रामीण बस्तीका बालबालिकालाई कसरी निशुल्क तथा अनिवार्य शिक्षा सुनिश्चित गर्ने ?
- आफ्ना बालबालिकालाई नपढाउने वा पढाउन नसक्ने अभिभावकलाई कस्ले र कसरी मनाउने, सघाउने वा सजाय दिने ?
- कस्ले र कसरी अभिभावक नहुने बालबालिकाहरुको सुरक्षा सहितको शिक्षाको जिम्मा लिने ?

- विद्यालय छोडेका र बेरोजगार युवाहरुको लागि के शिक्षा दिने र कसरी दिने ?
- माथिका कार्यक्रमहरु लागुगर्न चाहिने रकम कस्ले र कसरी सुनिश्चित गर्ने ?
- कस्ले र कसरी तिनको गुणस्तर जांच्ने ?
- निशुल्क तथा अनिवार्य शिक्षाको संवैधानिक प्रावधान भएको सन्दर्भमा निजी विद्यालयहरूको भूमिका, सञ्चालन, शुल्क प्रणाली आदिको के कस्तो व्यवस्था गर्ने ?
- निजी विद्यालयमा छोरा र छोरी पढाउने अभिभावकलाई निशुल्क शिक्षा दिनु पर्ने हो भने के गर्ने ?
- शिक्षालाई निशुल्क र अनिवार्य गर्न के के कानुनी व्यवस्था गर्नु पर्ला ?

<u>समावेशिता सम्वन्धी</u>

३. वर्तमान संविधानको धारा ३१(३) मा अपांगता भएका र आर्थिक रुपले विपन्नलाई आधारभूत तहदेखि उच्च शिक्षा तहसम्मको शिक्षा निशुल्क हुन्छ भनिएको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?
   - अपाङ्गताको पहिचान र मापन कसले र कसरी गर्ने ?
   - अपांङ्गता भएका व्यक्तिहरुलाई कुन कुन तहको शिक्षा कस्ले र कसरी सुनिश्चित गर्ने?
   - "आर्थिक रुपले विपन्न" भन्ने कुरा कस्ले र कसरी निर्क्योल गर्ने ?
   - विपन्न सम्पन्न हुने र सम्पन्न विपन्न हुंदाको अवस्था कसरी पत्ता लगाउने र कसरी तिनले पाउने शैक्षिक सुविधामा फेरवदल गर्ने ?
   - तिनलाई सघाउंने रकम कसरी जम्मा गर्ने ?कसरी त्यो कोषलाई दीगो बनाउने ?

४. वर्तमान संविधानको धारा ३१(४) मा दृष्टिविहीनलाई ब्रेल लिपि तथा बहिरालाई सांकेतिक भाषामा निशुल्क शिक्षाको हक हुन्छ भनिएको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?
   - त्यस्ता वालवालिकालाई कस्ता विद्यालयको व्यवस्था गर्ने हो ? (क) विशेष विद्यालय (छुट्टै विद्यालयको व्यवस्था) वा (ख) नियमित विद्यालय (समावेशी विद्यालयको व्यवस्था) र (ग) अन्य व्यवस्था
   - तिनका शिक्षक तथा अभिभावकलाई कस्ले, कसरी, र कस्तो तालीमको व्यवस्था गर्ने ?
   - अपाङ्गता भएका तथा आर्थिक रूपले विपन्न व्यक्तिहरूको शिक्षाको व्यवस्था गर्न प्रान्तीय तथा केन्द्रीय सरकारको भूमिका के हुने ?

<u>मातृभाषी तथा वहुभाषी शैक्षिक व्यवस्था सम्वन्धी</u>

५. वर्तमान संविधानको धारा ३१(५) र धारा ५१(ग) (७) मा बहुभाषिक नीति अवलम्वन गरी प्रत्येक वालवालिका तथा नागरिकहरुलाई मातृभाषामा शिक्षा पाउने हक हुन्छ भनिएको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?
   - शिक्षक र विद्यार्थीको भाषा फरक भएमा के , र कसरी गर्ने ?
   - एउटै कक्षामा विभिन्न भाषाका विद्यार्थी भएमा के , र कसरी गर्ने ?
   - एउटै कक्षामा दुई भाषी विद्यार्थी भएमा के र कसरी गर्ने ?
   - अभिभावकले आफना छोराछोरीलाई यो भाषामा मात्रै पढाउनु भनेमा के र कसरी गर्ने ?
   - संघ, प्रदेश, स्थानीय तथा अंग्रेजी भाषामा पढ्नु पर्ने नियम बनेमा के र कसरी गर्ने ?
   - मातृभाषाको, मातृभाषामा, मातृभाषा मार्फत शिक्षालिने बेग्लाबेग्लै समूह बनेमा के , र कसरी गर्ने ?
   - मातृभाषामा शिक्षण गर्ने शिक्षक तयारी तथा व्यवस्था गर्नु परेमा के , कसरी, र कसो गर्ने ?

- मातृभाषामा पाठ्यपुस्तक तथा शैक्षिक सामग्री कसरी र कसले बनाउने ?
- भाषिक स्थानान्तरण कसरी गर्ने ?
- मातृभाषामा अध्ययन गर्ने हक कुन स्तर सम्म प्रदान गरिने भन्ने संम्वधमा के , र कसरी गर्ने ?

भाषा, लिपि, तथा संस्कृति आदिको संरक्षण र विकास सम्वन्धी

६. धारा ३२ (१) ले आफ्नो भाषा प्रयोग गर्ने हक सुरक्षित गरेको छ भने धारा ३२ (३) ले आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्धन गर्न पाउने अधिकार प्रदान गरेको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?
   - शिक्षाले यो जिम्मा लिनु पर्ने हो ? वा अन्य के व्यबस्था मार्फत कसरी यो गर्न गर्न सकिन्छ ?
   - विद्यालयले सबै भाषाको साहित्य, लिपि, व्याकरण, संस्कृति आदिको संरक्षण, विकास र अनुसन्धान गर्नुपर्ने व्यवस्था भएमा के , र कसरी गर्ने ?
   - गाउँ वा नगरपालिकाले धारा ३२ (१)मा आफ्नो भाषा प्रयोग गर्ने हक अधिकार सुनिश्चित गर्दा के, कसरी गर्ने ?
   - विभिन्न मातृभाषी समूह आआफ्ना भाषा, साहित्य, लिपि, व्याकरण, संस्कृति आदिको संरक्षण, विकास र अनुसन्धानमा क्रियाशील भएमा के , र कसरी गर्ने ?

७. धारा ५१(ग) : सांस्कृतिक पुनरोत्थान, संस्कृतिको संरक्षण, कुरीतिहरुको उन्मुलन, भाषा लिपि आदिको व्यवस्था गरिएको छ। गाउँ वा नगरपालिका मार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?
   - सामुदायिक (सिकाइ ) सूचना केन्द्र र पुस्तकालय (सिकाइ श्रोत केन्द्र ) मार्फत कसरी?
   - विद्यालय तथा कलेज/क्याम्पसको सहकार्यमा के, र कसरी गर्ने ?
   - गाउं वा नगरपालिकाकै नेतृत्वमा के , र कसरी गर्ने ?
   - अन्य कुनै तरीकामाके , र कसरी गर्ने ?

स्वरोजगारी सम्वन्धी

८. धारा ३३ (१) ले प्रत्येक नागरिकलाई रोजगारीको हक सुरक्षित गरेको छ। साथै धारा ३३ (२) ले रोजगारी (पेशा, व्यवसाय) छनौट गर्न पाउने अधिकार प्रदान गरेको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?
   - सीप सिकाउनमा के , र कसरी गर्ने ?
   - उद्यमीकरण गर्नमा के , र कसरी गर्ने ?
   - स्वरोजगार बनाउनमा के , र कसरी गर्ने ?
   - अरुलाई रोजगारी दिने समूह बनाउनेमा के , र कसरी गर्ने ?

लैंगिक समता सम्वन्धी

९. धारा ३८ (१) ले प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ भनेको छ।। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?
   - विद्यालय र सामुदायिक (सिकाइ ) सूचना केन्द्र र पुस्तकालय (सिकाइ श्रोत केन्द्र ) को सहयोगमा के , र कसरी गर्ने ?
   - गाउं वा नगरपालिकाकै नेतृत्वमा के , र कसरी गर्ने ?

१०. धारा ३८ (५) ले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्नसक्ला वा गर्नुपर्ला ?

- विद्यालय र सामूदायिक (सिकाइ) सूचना केन्द्र र पुस्तकालय (सिकाइ श्रोत केन्द्र) र को सहयोगमा के, र कसरी गर्ने ?
- गाउं वा नगरपालिकाकै नेतृत्वमा के, र कसरी गर्ने ?
- विद्यालयले के गर्न सक्ला ? सामुदायिक विद्यालयले के गर्न सक्ला ?

११. धारा ३८ (१) अनुसार (क) विद्यालय जाने अवसरबाट वञ्चित महिलाहरुलाई आफूले चाहेको शिक्षालाई निरन्तर राख्ने काम कस्ले र कसरी गर्ने ? त्यसका लागि

- कस्ता प्रकारका सिकाइ केन्द्रहरु विकसित गर्नुपर्ला ?
- नगर तथा गाउँपालिका को दायित्व के हुन सक्ला ?
- तिनीहरुलाई स्वआर्जन गरी आर्थिक हिसाबले सशक्त बनाउन कस्ले र कस्तो सहयोग गर्नू पर्ला ?

## वाल सुरक्षा र सहभागिता सम्वन्धी

१२. धारा ३९ (२) ले प्रत्येक वाल वालिकालाई परिवार तथा राज्य कोषबाट शिक्षा, स्वास्थ्य, पालण पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको व्यवस्था गरेको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?

- विद्यालयर सामूदायिक (सिकाइ) सूचना केन्द्र र पुस्तकालय (सिकाइ श्रोत केन्द्र) को सहयोगमा के, र कसरी गर्ने ?
- गाउं वा नगरपालिकाकै नेतृत्वमाके, र कसरी गर्ने ?

१३. धारा ३९ (३) ले प्रत्येक वाल वालिकालाई प्रारम्भिक वाल विकास तथा वाल सहभागिताको हक प्रदान गरेको छ। यस धारामा वाल श्रम, वाल विवाह, अपहरण, दुर्व्यवहार, उपेक्षा, वा शारीरिक, मानसिक यौनजन्य वा अन्य कुनै प्रकारको शोषण विरुद्धको हक प्रदान गरेको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?

- विद्यालयर सामूदायिक (सिकाइ) सूचना केन्द्र र पुस्तकालय (सिकाइ श्रोत केन्द्र) को सहयोगमा के, र कसरी गर्ने ?
- गाउं वा नगरपालिकाकै नेतृत्वमा के, र कसरी गर्ने ?

## दलित सम्वन्धी शिक्षा

१४. वर्तमान संविधानको धारा ४०(२) मा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्चतह सम्मको शिक्षा निशुल्क हुन्छ भनिएको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?

- निशुल्क भन्नाले कुन कुन कुराको छुट दिने भन्ने व्यवस्था गर्नुपर्ला ?
- स्रोत कहाँबाट जुटाउने ?
- सरकारी विद्यालय तथा कलेज/क्याम्पसको सहकार्यमा के, र कसरी गर्ने ?
- निजी विद्यालय तथा कलेज/क्याम्पसको सहकार्यमा के, र कसरी गर्ने ?
- सरकारी तथा निजी तहमा खुलेका प्राविधिक एवं व्यावसायिक विद्यालय कलेज/क्याम्पसको सहकार्यमा के, र कसरी गर्ने ?

१५. धारा ४०(४) मा दलितका परम्परागत सीप र व्यवसायको संरक्षण र विकास गर्नुपर्ने व्यवस्था गरिएको छ। राज्यले दलित समूदायका परंपरागत पेशासंग संबन्धित आधुनिक व्यवसायमा उनीहरुलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र श्रोत उपलब्ध गराउने व्यवस्था गरेको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?

- अनौपचारिक शिक्षा मार्फत कसरी ? (सामूदायिक (सिकाइ) सूचना केन्द्र र पुस्तकालय (सिकाइ श्रोतकेन्द्र ))
- विद्यालय तथा कलेज/क्याम्पसको सहकार्यमा के , र कसरी गर्ने ?
- गाउं वा नगरपालिकाकै नेतृत्वमा के , र कसरी गर्ने ?
- परम्परागत सीप र व्यवसायबाट आर्जित ज्ञान एवं सीपलाई आधुनिकीकरण कसरी गर्ने ?
- त्यसको जिम्मेवारी कस्ले लिने ?
- अन्य कुनै तरीकामा के र कसरी गर्ने ?

निजी, सार्वजनिक र सहकारी शिक्षा सम्वन्धी

१६. धारा ५०(३) मा राज्यका निति निर्देशक सिद्धान्त अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागीताको व्यवस्था गरिएको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ?

- निजी क्षेत्रका विद्यालयहरुको व्यवस्थापन कसरी गर्ने ?
- सहकारीले शिक्षामा संलग्न हुन पाउने कि नपाउने ? पाउने हो भने के , र कसरी गर्ने ?
- निजी, धार्मिक, सार्वजनिक, सहकारी तथा अनौपचारिक, शिक्षालयबाट दिइने शिक्षाको समान स्तर, गुणस्तर निर्धारण र समकक्षता सुनिश्चित गर्ने कसरी ?

आजीवन शिक्षा सम्वन्धी

१७. धारा ५१ (ज) : नागरिकका आधारभूत आवश्यक्ता संवन्धी नीतिमा नागरिकको व्यक्तित्व विकासको लागि (जीवनपर्यन्त सिकाइलाई सहज बनाउन ) सामूदायिक (सिकाइ ) सूचना केन्द्र र पुस्तकालय (सिकाइ श्रोत केन्द्र ) स्थापना र प्रवर्धन गर्ने भनिएको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला ? अर्थात विद्यालय शिक्षाबाट बाहिरिएका युवा तथा वयस्कको शिक्षा एवं रोजगारीउन्मुख सीप विकासका गागि

- सामूदायिक (सिकाइ ) सूचना केन्द्र र पुस्तकालय (सिकाइ श्रोतकेन्द्र) को स्थापना, सञ्चालन र रेखदेखको व्यवस्था कसले गर्ने? र तिनीहरूमा लगानी कसले गर्ने ?
- सामूदायिक (सिकाइ ) सूचना केन्द्र र पुस्तकालय (सिकाइ श्रोतकेन्द्र) र विद्यालय तथा कलेज/क्याम्पसको सहकार्यमा के र कसरी गर्ने ?
- विद्यालय तथा कलेज/क्याम्पसको सहकार्यमा के , र कसरी गर्ने ?
- गाउं वा नगरपालिकाकै नेतृत्वमा के , र कसरी गर्ने ?
- त्यस्ता केन्द्र वा शिक्षालयहरुलाई गाउं वा नगरपालिकाले कसरी साधन सम्पन्न बनाउने ?
- कस्ले तिनलाई पेशा, व्यवसाय, र रोजगारका अवसर बारे जानकारी एवं परामर्श दिने ?
- यसरी शिक्षा वा तालीम हासिल गरेका व्यक्तिहरुलाई उपयुक्त रोजगारीमा स्थापित गराउन "रोजगारी सहयोग तथा प्रतिस्थापना सेवा" को व्यवस्था कसले र कसरी गर्ने ?
- अन्य कुनै तरीकामा के , र कसरी गर्ने ?

व्यावहारिक एवं गरिखाने शिक्षा सम्वन्धी

१८. वर्तमान संविधानको धारा ५१ (ज) (१)मा शिक्षामार्फत वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारीमूलक एवं जनमुखी बनाउँदै प्रतिस्पर्धी र राष्ट्रहितमा समर्पित जनशक्ति बनाउँने भनिएको छ। गाउँ वा नगरपालिकामार्फत त्यो कुरा कसरी पूरा गर्न सकिएला ?

- व्यावसायिक, प्राविधिक, तथा करियर शिक्षा विद्यालय तहमा कसरी दिने ? कस्ले दिने ?
- साधारण शिक्षाभन्दा धेरै महंगा हुने व्यावसायिक, प्राविधिक, तथा करियर शिक्षामा कस्ले लगानी गर्ने ? कसरी गर्ने ?
- व्यावसायिक, प्राविधिक, तथा करियर शिक्षा दिनका लागि गाउं वा नगरपालिकाहरुको भूमिका के हुने ?
- व्यावसायिक, प्राविधिक, तथा करियर शिक्षा दिनका लागि शिक्षक एवं अभिभावकको भूमिका के हुने ?
- स्थानीय उद्यमी, व्यावसायी, किसान, व्यापारी, तथा लगनीकर्तासंग कस्ले र कसरी सहकार्य गर्ने ?

१९. धारा ५१ (च) मा बैज्ञानिक अध्ययन अनुसन्धान, एवं बिज्ञान र प्रबिधिको आविष्कार विकासको कुरा राखिएको छ। साथै राष्ट्रिय आवश्यकता अनुरुपको प्रविधिको विकासको कुरा राखिएको छ। गाउँ वा नगरपालिकामार्फत त्यो हक कसरी सुनिश्चित गर्न सकिएला?

- सामूदायिक (सिकाइ ) सूचना केन्द्र र पुस्तकालय (सिकाइ श्रोत केन्द्र ) लाइ यस कार्यको निम्ति कसरी सक्षम बनाउने ?
- विद्यालयको नेतृत्वमा के के गर्न गराउंन सकिएला ?
- गाउं वा नगरपालिकाकै नेतृत्वमा के के गर्न गराउंन सकिएला ?
- अन्य कुनै स्थानीय, प्रादेशिक, तथा संघीय तहका व्यक्ति, समूह, एवं संस्थाको सहकार्यमा के के गर्न गराउंन सकिएला ?

शिक्षालयहरुको नियमन तथा व्यवस्थापन सम्वन्धी

२०. वर्तमान संविधानको धारा ५१ (ज) (२) मा निजी क्षेत्रको लगानीमा खुलेका विद्यालयहरुलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने भनिएको छ। गाउँ वा नगरपालिकामार्फत त्यो कुरा कसरी पूरा गर्न सकिएला ?

- निजी विद्यालयहरूलाई सेवामूलक संस्थाका रूपमा विकास गर्न के के गर्नुपर्ला ?
- के , कसरी निजी तथा सरकारी विद्यालयको साझेदारी वा सहकार्य गर्ने ?
- के , कसरी, समुदायलाई सेवा गर्ने ?
- के , कसरी दलित, विपन्न, महिला, जनजाती, मुस्लिम आदिलाई निशुल्क रुपमा पठनपाठन गर्ने गराउने ?
- के , कसरी विद्यालय नक्सांकन, जोनिङ, र मिलान गर्ने गराउने ?
- के कसरी र कस्ले निजी, सरकारी, धार्मिक, गुठी शिक्षालयहरुको अनुगमन गर्ने गराउने ?

शैक्षिक गुणस्तर सम्वन्धी

२१. दीगो विकासको लक्ष्य नं ४ अनुसार गाउँ वा नगरपालिकाले शिक्षाका सबै तहमा गुणस्तरीयता सुनिश्चित गर्नुपर्छ भनिएको छ। गाउँ वा नगरपालिकामार्फत कसरी गुणस्तरीयता सुनिश्चित गर्न सकिएला ?

औपचारिक, अनौपचारिक, एवं धार्मिक शिक्षाको गुणस्तर कसरी समान स्तरको बनाउने ? त्यसका लागि

- शिक्षण पेशाको सम्मान, मान मर्यादा तथा गरिमा बृद्धि गर्न के गर्न सकिएला?
- के , कसरी शिक्षकलाई जिम्मेवार बनाउने?

- के, कसरी प्रधानाध्यापकलाई जिम्मेवार बनाउने ? र के कस्ता अधिकारद्वारा सम्पन्न गराउने ?
- के, कसरी व्यवस्थापन समितिको रेखदेख एवं जिम्मेवारी बढाउने ? वर्तमान व्यवस्थामा के के संशोधन वा परिवर्तन गर्न सकिएला ?
- के, कसरी अभिभावकको निगरानी बढाउने ?
- के, कसरी गाउं वा नगर शिक्षा समितिको रेखदेख सुनिश्चित गर्ने ?
- के, कसरी उपयुक्त पदाधिकारीको संयोजनमा विशेष समिति बनाई गुणस्तरीयता सुनिश्चित गर्ने ?
- के, कसरी गाउं वा नगरपालिका स्तरमा कुन कुन उपायद्वारा वर्षेनी मूल्यांकन गर्ने व्यवस्था मिलाउने ?
- कस्ले, के, कसरी सबै गाउं वा नगरपालिकाका शिक्षालयहरूको समान गुणस्तर सुनिश्चित गर्ने ?
- विभिन्न तहमा काम गर्ने शिक्षकहरूको के कस्तो योग्यता तथा तालिम निर्धारण गर्ने ?
- के कसरी र कस्ले शिक्षक तयारी तथा तिनको अद्यावधिक गर्ने ?
- अन्य कुनै उपाय के हुने ?

<u>संघीय सरकारले सुनिश्चित गर्नुपर्ने संवैधानिक शैक्षिक हक अधिकारका सम्बन्धमा</u>

२२. धारा ५१ (ज) अनुसार उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमश: नि:शुल्क बनाउँदै लैजाने व्यवस्था छ। खण्ड (१५) मा चाहिं केन्द्रिय विश्वविद्यालय, केन्द्रिय स्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रिय पुस्तकालयको प्रावधान छ। यसका लागि संघीय सरकारले के कसो गर्नुपर्ला ?

- त्रिभुवन विश्वविद्यालयका सम्बन्धन प्राप्त र आंगिक क्याम्पसहरुलाई कसरी सङ्गठित र व्यवस्थित गर्ने ?
- देशभरी विद्यमान देशका अन्य भागमा अवस्थित विश्वविद्यालयलाई र ती अन्तर्गत सम्बन्धन र आङ्गिक क्याम्पसहरूको स्वरूप, सञ्चालन र व्यवस्थापन के कसरी गर्नुपर्ला ?
- नयाँ खुल्ने विश्वविद्यालयहरूको हकमा कुन कुन उद्देश्य, स्वरूप र आधारमा स्थापना गर्ने व्यवस्था गर्नुपर्ला ?
- देशमा बहुविश्वविद्यालय (सङ्घीय/ प्रान्तीय /खुला) को व्यवस्था भई आएको हालको अवस्थामा र भविष्यमा सो अभिधारणा अझ विस्तृत हुने परिप्रेक्ष्यमा समस्त उच्च शिक्षालाई संयोजन, नियमन, रेखदेख तथा व्यवस्थापन गर्न के कुनै केन्द्रीय निकायको व्यवस्थापन गर्न सकिएला ?
- उच्च शिक्षामा लगानी बढाउन आर्थिक स्रोत परिचालनका समुचित उपायहरू के के हुन सक्छन् ?
- गरीब तथा विपन्न तर योग्य विद्यार्थीहरूलाई उच्च शिक्षा लिन सक्षम बनाउन के गर्न सकिन्छ ?
- विभिन्न विश्वविद्यालयहरूले प्रदान गर्ने शिक्षाको गुणस्तर निर्धारण, मापन तथा समकक्षता निश्चय गर्न के के उपाय गर्नुपर्ला ?
- प्रविधिको उच्चतम प्रयोग गरी उच्च शिक्षालाई सहज बनाउन के के व्यवस्था गर्न सकिएला ?
- खुला शिक्षाको गुणस्तर कायम गर्न के के गर्नुपर्ला ?
- उच्च शिक्षाको पाठ्यक्रम, शिक्षण, शिक्षक व्यवस्था, अध्ययन अनुसन्धान आदिका बारेमा के नीति अवलम्बन गर्नुपर्ला ?

## प्रादेशिक सरकारले सुनिश्चित गर्नुपर्ने संवैधानिक शैक्षिक हक अधिकारका सम्वन्धमा

२३. लगानी सम्वन्धमा

- लगानीको दृष्टिले मात्रै विश्वविद्यालय, पुस्तकालय, तथा संग्रहालयलाई प्रादेशिक भनी नामाकरण गर्ने सम्वन्धमा।
- शिक्षा, खेलकुद, पत्र पत्रिका, सामाजिक सुरक्षा र रोजगारी, गरीबी निवारण र औद्योगीकीकरण, वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास (बेरोजगारी र बेरोजगार सहायता), प्राविधिक शिक्षा, आर्जीवन शिक्षाका लागि केन्द्र, प्रदेश, एवं स्थानीय सरकारले कुल बजेटको कम्तिमा २५ प्रतिशत रकम लगानी गर्नुपर्ने सम्वन्धमा।

२४. विविध विषय सम्वन्धी

वहुलताको देश नेपालमा शिक्षालाई कुन दर्शन तथा सिद्धान्तले निर्देशित गर्ने ?

विद्यालय तथा उच्च शिक्षाका मूलभूत उद्देश्यहरू के के हुनुपर्ला ?

- ......................

कमजोर आर्थिक स्थिति भएका प्रदेश तथा गाउं/नगरपालिकाहरुको शैक्षिक स्तर कमजोर हुने खतराबाट कसरी बच्ने बचाउने ?

शिक्षामा नागरिक समाज/गैरसरकारी संस्था र समस्त Non-State Actors लाई सक्रिय सहभागी गराउन के के गर्नुपर्ला ? यिनीहरूको भूमिका शिक्षाको कुन कुन क्षेत्रमा हुनुपर्छ ?

- ........................